**नार्पा भूमि गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्डः ०८** **संख्याः ४** **मितिः २०८१/०८/१०**

**भाग-१**

**नार्पा भूमि गाउँपालिका**

## नार्पा भूमि गाँउपालिकाको सञ्चार खर्च संचालन कार्यविधि, २०८१

**प्रस्तावना :** नार्पा भूमि गाँउपालिकाको आ.व.२०८०।०८१ मा विनियोजन गरिएको संचार सुविधालाई कार्यान्वयन गर्न वाञ्छनीय भएकाले नार्पा भूमि गाँउपालिकाको विनियोजन ऐन २०८१ को दफा ३ बमोजिम नार्पा भूमि गाँउकार्यपालिकाले नार्पा भूमि गाँउपालिकाको सञ्चार खर्च सञ्चालन कार्यविधि, २०८१ बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस कार्यविधिको नाम नार्पा भूमि गाँउपालिकाको सञ्चार खर्च सञ्चालन कार्यविधि २०८१ रहेको छ ।

**२. परिभाषा र व्याख्या :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "गाँउपालिका भन्नाले" नार्पा भूमि गाँउपालिका सम्झनुपर्छ ।
ख) "कार्यपालिका भन्नाले " नार्पा भूमि गाँउकार्यपालिका सम्झनुपर्छ ।

ग) "प्रमुख प्रशासकीय अधिकृत भन्नाले " यस गाँउकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

घ) "कर्मचारी भन्नाले " यस नार्पा भूमि गाँउपालिका अन्तर्गत कार्यरतस्थायी र करार कर्मचारी,सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुलाई समेत सम्झनुपर्छ ।

ङ) "शाखा प्रमुख भन्नाले " गाँउकार्यपालिकाको कार्यालयको कुनै शाखाका प्रमुख शाखाको नेतृत्व गर्ने जिम्मेवार कर्मचारी सम्झनुपर्छ ।

च) "वडा सचिव भन्नाले" गाँउपालिकाको वडामा कार्यरत कर्मचारी सम्झनुपर्छ ।

**३. कार्यविधि लागु हुने क्षेत्र :** गाँउकार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी, वडा कार्यालयमा कार्यरत वडा सचिवहरु, प्राविधिक कर्मचारीहरु र गाँउपालिका भित्रका सामुदायिक विद्यालयहरुका प्रधानाध्यापकहरुलाई कार्य जिम्मेवारीको आधारमा औचित्य पुष्टि हुने गरी कार्यालय प्रयोजनका लागि संचार खर्च वापत मासिक रुपमा सम्बन्धित कर्मचारीको मोवाइल नम्बरमा सञ्चार खर्च भुक्तानी गरिनेछ ।

**४. सञ्चार खर्च संचालनका लागि वितरणको व्यवस्था :**

| **क्र.स.** | **कार्यालय/शाखा** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | १५०० | |
| २ | गाँउकार्यपालिकाको कार्यालयका शाखा प्रमुख (अधिकृतस्तर) | १००० | |
| ३ | गाँउकार्यपालिकाको कार्यालयका शाखा प्रमुख | ८०० | |
| ३ | स्वास्थ्य चौकी/ईकाई प्रमुख | ८०० | |
| ४ | वडा सचिव | ७०० | |
| ५ | गाँउपालिकामा कार्यरत पाँचौ/चौथो तह | ७००/५०० | |
| ६ | वडा कार्यालयमा कार्यरत प्राविधिक कर्मचारी पाचौ/चौथो तह | ४०० | |
| ७ | हे.स.चा/ह.स.चा. | ४०० | |
| ८ | कार्यालय सहयोगीहरु ( गाँउकार्यपालिकाको कार्यालय) | ३०० | |
| ९ | सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु ( माध्यमिक/निम्नमाध्यमिक/प्रा.वि) | ६००/५००/४०० | |

**५. विविध** : (१) मिति २०८१।०८।०४ गते देखिको सञ्चार सुविधा यसै कार्यविधि बमोजिम उपलब्ध गराइनेछ ।

**६. कार्यविधिको संशोधन व्याख्या र अनुचित थपघट :** यस कार्यविधिको आवश्यक व्याख्या, संशोधन तथा अनुसुची थपघट गाँउकार्यपालिकाले गर्नेछ ।

**आज्ञाले**
शुशिल लम्साल
प्रमुख प्रशासकीय अधिकृत